स्वरूपराजको धुँवा धुँवा बजारमा

हिमालय टाइम्स
अमेरिका, २४ जेठ

स्वरूपराज आर्चायको स्वर रहेको गीत 'धुँवा धुँवा' सार्वजनिक गरिएको छ । कमला न्यौपानेको शब्द, यदिन गजमेरको संगीत, धीरज श्रेष्ठको एरेन्ज र कृष्ण केआर मर्हजनको मिक्सिङ तथा मास्टरिङ रहेको गीतको भिडियो सार्वजनिक भएको हो ।

भिडियोको निर्माण टिमले अमेरिकाको क्यान्सस राज्यको ओभरल्याण्ड पार्क शहरमा एक कार्यक्रमबीच भिडियो सार्वजनिक गरेको हो । सो अवसरमा स्थानीय कलाकार तथा संगीतकर्मीको उपस्थिति रहेको अन्तर्राष्ट्रिय साहित्य समाज क्यान्सस च्याप्टरले जनाएको छ ।

केशवराज भट्टको निर्देशन रहेको गीतको भिडियोमा प्राञ्जल न्यौपाने र स्मृति श्रेष्ठको अभिनय छ । व्यस्तताकाबीच एक्लिएका एक प्रेमीको मनमा खड्कीएको एक्लोपनालाई भिडियोले देखाएको छ । जसमा मानिसको

जिन्दगीमा आइपर्ने अनेक आरोह-अवरोलाई कलात्मक शैलीमा निर्देशक केशवराज भट्टले भिडियोमा देखाउनु भएको हो ।

उद्धव दाहालको छायांकन रहेको भिडियोको सम्पादन विकास धमलाले गर्नु भएको छ । प्रकाश न्यौपानेको निर्माणमा तयार भिडियो तरंग द वेभ क्रियशनबाट बजारमा आएको हो ।

'वेलकम टु हेम्जाकोट' को प्रिमियर

हिमालय टाइम्स
काठमाडौं, २४ जेठ

यही शुक्रबारदेखि देशभर सिनेमाघरमा प्रदर्शनमा आउन लागेको चलचित्र 'वेलकम टु हेम्जाकोट'को प्रिमियर गरिएको छ । काठमाडौंमा गरिएको प्रिमिएरमा निर्देशक तथा निर्मात्री दीपाश्री निरौला, निर्देशक ज्ञानेन्द्र देउवा, निर्देशक तथा कलाकार नरेश पौडेल, डब्बु क्षेत्री, शोभित बस्नेत अभिनेता कृष्ण शिवाकोटी, मुकुन भुसाल, सलोन बस्नेत, मनिष राउत, गायक पवन गिरीलगायत कलाकर्मीको साथमा रंग पत्रकारको समेत बाक्लो उपस्थिति थियो ।

प्रिमियरमा चलचित्र हेर्ने अधिकांश दर्शकले मनपरेको प्रतिक्रिया दिएका थिए । सो अवसरमा निर्देशक सरोज पौडेलले चलचित्र नितान्त मनोरञ्जनका लागि बनाइएकाले त्यसैअनुसार दर्शकबाट साथको अपेक्षा गर्नुभयो । त्यस्तै कार्यक्रममा अभिनेता बुद्धि तामाङले अरू चलचित्रमा भन्दा यसपटक केही फरक प्रयास गरेको र दर्शकले चलचित्र हेर्दासम्म दिक्क नमान्ने बताउनुभयो ।

अभिनेता विनोद न्यौपानेले आफ्नो करिअरमा यो चलचित्रले छुट्टै अर्थ राख्ने उल्लेख गर्दै दर्शकबाट साथ र माया पाउने अपेक्षा राख्नुभयो । समसामयिक कथामा कमेडी शैली मिश्रण गरेर प्रस्तुत गरिएको

चलचित्रले वैदेशिक रोजगारी, बेरोजगारीले निम्त्याउने समस्या, अन्तरजातीय प्रेममा आउने उताव-चडाबलगायत विषयवस्तु कथाको रूपमा उठाएको छ । क्लोजअप सिने प्रोडक्सनको व्यानरमा निर्माण गरिएको यो चलचित्र नेपालबाहेक जापान, अष्ट्रेलिया, अमेरिका र युरोपका केही शहरमा प्रदर्शन हुनेछ ।

तेजप्रसाद दाहाल, जितेन्द्र गिरी, बाबुराम कार्की, सुमन खड्काको लगानीमा निर्माण भएको यस चलचित्रमा सरोज पौडेलको लेखन तथा निर्देशन छ भने बुद्धि तामाङ, विनोद न्यौपाने, दिनेश खड्का, प्रदीप ढकाल, सन्दीप सिग्देल, अम्बिका तामाङ, सुजाइरा कार्की, विशाल पहारी, रवि गिरी, लक्ष्मीनाथ तिमल्सिना, रश्मी भट्ट, अस्मिता पन्त, शारदा गिरी, बलदिव राई, प्रेविल कँडेल, स्व.जयनन्द लामालगायत कलाकारको अभिनय देख्न सकिन्छ । वरिष्ठ कलाकार लामाको यो अन्तिम चलचित्र हो ।

चलचित्रले काठमाडौंमा सम्पन्न चौथो नेपाल सांस्कृतिक अन्तर्राष्ट्रिय फिल्म फेष्टिवलमा उत्कृष्ट नेपाली फिल्मको अवार्ड जितेको थियो । मिलन श्रेष्ठको एक्सन, मित्र डी गुरुङको सम्पादन रहेको चलचित्रका डिओपी दीर्घ गुरुङ हुनुहुन्छ ।

सैनामैना नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही

आशय पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०-०२-२५

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना तथा **www.bolpatra.gov.np/egp** समेत प्रकाशित सूचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल:

ठेक्का नं	बोलपत्रदाताको नाम	आयोजनाको नाम	कबोल अंक (मु.अ कर सहित)
NCB/13/079-80	M/S Buildcon Design & Developers Pvt. Ltd., Bharatpur	Construction of Cold Storehouse including Chiller Refrigeration Machines, Humidifiers and Other Electro-Mechanical Utilities	१,९१,७९,२१५।५२

Request for Expression of Interest

Government of Nepal (GoN)

Name of Employer: Agriculture development bank

Date: 08-06-2023

Name of Project: Analysing, Designing, Developing, Integrating, Testing, Implementing, and Commissioning of Human resource information system (HRIS).

1. Government of Nepal (GoN) has allocated fund toward the cost of Analysing, Designing, Developing, Integrating, Testing, Implementing, and Commissioning of Human resource information system (HRIS). and intend to apply portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service
2. The Agricultural Development Bank now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: Analysing, Designing, Developing, Integrating, Testing, Implementing, and Commissioning of Human resource information system (HRIS).
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address Agricultural Development Bank
   Agricultural Development Bank
   Ramshah Path, Kathmandu
   Kathmandu, Kathmandu
   Bagmati Province
   Nepal during office hours on or before 23-06-2023 12:00 or visit e-GP system www.bolpatra.gov.np/egp or visit the client's website [Client Website]
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp NOT Applicable on or before 23-06-2023 12:00
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on Qualification 50.0 %, Experience 40.0 %, and Capacity 10.0 % of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. Minimum score to pass the EOI is 60
9. ADBL reserves the right to accept or reject any EOI documents with or without giving any reason whatsoever.
10. For further information, may feel free to contact gsd.divn@adbl.gov.np and telephone No 014262616

राष्ट्रिय ललितकला प्रदर्शनीमा दैनिक हजार बढीले अवलोकन गर्दै

हिमाली टाइम्स
काठमाडौं, २४ जेठ

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको 'राष्ट्रिय ललितकला प्रदर्शनी-२०८०' प्रदर्शनीमा दैनिक एक हजारदेखि १२ सयले अवलोकन गरेको प्रतिष्ठानले जनाएको छ । प्रदर्शनी नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान परिसर नाफा नक्साल र बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा चलिरहेको छ । जेठ १५ गतेबाट सुरु भएको प्रदर्शनी जेठ ३० सम्म चल्नेछ ।

प्रदर्शनीका क्युरेटर प्रदीप शाक्यले नेपाली कला र सभ्यताको महोत्सवको रूपमा यो प्रदर्शनी भएको बताउनुभयो । उहाँले म, मेरो देश र मेरो सिर्जना थिममा कलाकृतिलाई राखिएको जनाउँदै ती कलामा नेपालीपनको स्वाद लिन पाउने विश्वास व्यक्त गर्नुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्री माननीय सुदन किरातीले उद्घाटन गर्नुभएको यस प्रदर्शनी 'म, मेरो देश र मेरो सिर्जना' अवधारणामा गरिएको छ । उद्घाटनपश्चात प्रदर्शनीलाई विभिन्न उच्च पदस्थ व्यक्ति, नेता, कलाकार, राजदूत, सेना, प्रहरीलगायतले अवलोकन गरिसक्नुभएको छ । अवधिमा पुरस्कृत कलाकारसँग अन्तर्क्रिया, 'कलामा लैंगिक चुनौती', 'हस्तकला: चुनौती र अवसर', 'परम्परागत-समसामयिक मूर्तिकलाबीचको अन्तरसम्बन्ध' लगायतका विषयमा समूहगत छलफलसमेत सम्पन्न भएको छ । प्रदर्शनीमा देशभरका लोककला, परम्परागत चित्रकला/मूर्तिकला, समसामयिक चित्रकला/मूर्तिकला, हस्तकला, वास्तुकला तथा अन्य सिर्जनात्मक कलाअन्तर्गतका फोटोग्राफी कला, प्रतिस्थापन कला, कार्टुन, भावभंगी कला, क्यारिकेचर र डिजिटल विधाअन्तर्गत ६०९ कलाकारका ६९५ कलाकृति राखिएको छ ।

यसवर्ष प्रतिष्ठानमा दर्ता भएका ६५३ कलाकारका ७५५ कलाकृतिमध्येबाट यी कलाकृतिको छनोट गरिएको हो । जसअन्तर्गत समसामयिक चित्रकला विधामा २३४ जना कलाकारका २६९ कलाकृति, परम्परागत चित्रकला विधामा १३० जना कलाकारका १३६ कलाकृति, समसामयिक मूर्तिकला विधामा ४२ जना कलाकारका ४६ कलाकृति, परम्परागत मूर्तिकला विधामा ३१ जना कलाकारका ३९ कलाकृति, हस्तकला विधामा ६३ जना कलाकारका ८५ कलाकृति, लोककला विधामा ४२ जना कलाकारका ४७ कलाकृति, वास्तुकला तथा अन्य सिर्जनात्मक कलाअन्तर्गत फोटोग्राफी विधामा १६ जना कलाकार २१ कलाकृति, प्रतिस्थापन कला विधामा १२ जना कलाकारका १२ कलाकृति, कार्टुन विधामा १७ जना कलाकारका १७ कलाकृति, भावभंगी विधामा १२ जना कलाकारका १२ कलाकृति, क्यारिकेचर विधामा चारजना कलाकारका चार कलाकृति र डिजिटल विधामा ६ जना कलाकारका सात कलाकृति रहेका छन् ।

यी कलाकृतिमध्ये लोककला तथा परम्परागत चित्रकला विधाका कलाकृति नेपाल कला परिषद्, बबरमहल तथा समसामयिक चित्रकला, वास्तुकला तथा अन्य सिर्जनात्मक कला, हस्तकला, परम्परागत मूर्तिकला, आधुनिक मूर्तिकला विधाका कलाकृति नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नक्सालमा राखिएको छ । प्रदर्शनीको क्युरेटिङ प्राज्ञसभा सदस्य प्रदीप शाक्यले गर्नुभएको हो ।

समापनका दिन अर्थात् जेठ ३० प्रदर्शनीको बारेमा उत्कृष्ट रिपोर्टिङ गर्ने पाँचजना पत्रकारलाई पाँच हजार रुपैयाँ र सम्मानपत्र प्रदान गरिने जनाइएको छ । त्यस्तै, बिएफए, एमएफए, एमफिल, पिएचडीमा अध्ययनरत् विद्यार्थीमध्ये प्रदर्शनीको समीक्षा लेख्नेहरूबाट पहिलो, दोस्रो, तेस्रो र विशेषगरी चार लाइसमेत पुरस्कृत गरिने बताइएको छ ।

रमिला र नन्दालाई 'मिस एण्ड मिसेज डिश्याबिलिटी'को उपाधि

हिमालय टाइम्स
काठमाडौं, २४ जेठ

'मिस एण्ड मिसेज डिश्याबिलिटी क्वीन २०२३'को उपाधि रमिला साउद र नन्दा सुनारले चुम्नुभएको छ । रमिलाले मिसतर्फको उपाधि चुम्दा नन्दा मिसेजतर्फको विजेता बन्नुभएको

हो ।

काठमाडौंमा आयोजित प्रतियोगितामा झरना घिमिरे फष्ट रनरअप र निर्मला खाण सेकेण्ड रनरअप घोषित हुनुभयो । ग्रीन आर्ट्स मिडिया प्रालिको आयोजना रहेको प्रतियोगितामा २३ प्रतियोगीको सहभागिता थियो ।

अपांगता भएका व्यक्तिहरूको क्षमता साथै उनीहरूमा लुकेर बसेको प्रतिभालाई उजार गर्दै समाजमा सक्षम व्यक्तिको रूपमा अगाडि ल्याउनु प्रतियोगिताको उद्देश्य रहेको आयोजकले जनाएको छ ।

प्रतियोगिताको निर्णायकमा आलोकश्री, प्रतिष्ठा थापा, श्रद्धा जोशी कर्माचार्य, सृजल रुपाखेती, सीता सुवेदीलगायत रहनुभएको थियो । प्रतियोगिताको कोरियोग्राफी अनिला श्रेष्ठले गर्नुभएको थियो ।

चलचित्र संघसंस्थाद्वारा १३ बुँदे माग राख्दै सरकारलाई ज्ञापनपत्र

हिमालय टाइम्स
काठमाडौं, २४ जेठ

सरकारले चलचित्र उद्योगलाई उपेक्षा गरेको भन्दै विभिन्न ६ वटा चलचित्रसँग सम्बन्धित संघसंस्थाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई ज्ञापनपत्र बुझाएका छन् ।

विभिन्न १३ बुँदे माग राखेर नेपाल चलचित्र निर्माता संघ, नेपाल चलचित्र कलाकार संघ, नेपाल चलचित्र निर्देशक समाज, आदिवासी चलचित्र महासंघ, नेपाल चलचित्र नृत्य संघ र नेपाल चलचित्र द्वन्द्व कलाकार संघले सरकारले चलचित्र उद्योगलाई बजेटमा उपेक्षा गरेको भन्दै तत्काल संशोधन प्रक्रियाबाट बजेटमा आवश्यक सम्बोधन गर्न माग गरेका हुन् ।



कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त यस **लाईफ लाईन ओभरसिज प्रा. लि.** (श्रम इज्जत पत्र नं. ३३७/०५५/०६०) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोवार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सि.नं.	कर्मचारीहरुको नाम	नागरिकता नं	कर्मचारीको पद
१.	अम्बिका अधिकारी	४२७८८५	Marketing Officer
२.	रश्मी पन्थ	४३-०१-७५५-०३४४	Document Assistant
३.	वर्षा मल्ल	४५-०१-७५-००१२३	Document Assistant

लाईफ लाईन ओभरसिज प्रा. लि.
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१